म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ४४ २०८० पुस १६ गते सोमबार 1 January 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

**नयाँ वर्षको शुभकामना**

इस्वी सम्वत्को नयाँ वर्ष २०२४ को अवसरमा सम्पूर्ण पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुक, सहयोगी सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुरेश श्रेष्ठ, सम्पादक
एवम् समृद्ध समाज राष्ट्रिय दैनिक परिवार
हेटौंडा-४, मकवानपुर

## युवालाई आशा र भरोसा जगाउन सकिएन: सांसद भण्डारी

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् प्रतिनिधिसभा सदस्य डा. चन्द्र भण्डारीले मुलुकमा अहिले युवालाई आशा र भरोसा जगाउन नसकेको बताउनुभएको छ। आइतबार बीपी समाज मकवानपुरले ४८ औं राष्ट्रिय एकता दिवसको अवसरमा आयोजना गरेको 'युवा जनशक्तिको सुनिश्चित भविष्यको लागि राजनैतिक दलहरुको भूमिका' विषयक गोष्ठीलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

नेता भण्डारीले अहिलेको राजनीतिले देशका युवा र जनतालाई इमोसन बनाउन नसकेको बताउनुभयो। अहिले नेता नेता बन्न नसक्दा र समयअनुसार अपडेट हुन नसक्दा मुलुकमा केही हुन नसकेको उहाँले बताउनुभयो। युवाहरुसँग मिलेर नै मुलक बनाउन सकिने उहाँको भनाइ छ ।

मुलुकमा पश्चिमी देशहरुले बनाएको नीतिलाई नै कपीपेष्ट गर्दा युवाहरुले केही गर्ने नीति बन्न नसकेको र युवा स्वदेशमा बस्न नचाहेको उहाँले बताउनुभयो । युवालाई स्वदेशमै भविष्य देख्ने वातावरण सिर्जना गर्न रोजगारीको अवस्थालाई विस्तार गर्नुपर्ने उहाँले बताउनुभयो ।

देशमा अहिले कमिसनको लागि विदेशी ऋण लिने तर व्याज तिर्न नसकिरहेको उहाँले बताउनुभयो । देशमा अबको दुई महिनामा दुई खर्ब ऋण थपिने बताउनुहुँदै उहाँले अब मुलुकले सामाजिक सुरक्षा भत्ता दिन पनि नसक्ने अवस्था आउन सक्ने उहाँले बताउनुभयो ।

गोष्ठीलाई सम्बोधन गर्नुहुँदै नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर रानाले ठूलो राजनीतिक परिवर्तनपछि पनि अझै जनता र युवाहरुको चाहना पूरा हुन नसकिरहेको बताउनुभयो । युवा र जनताका लागि मुलुकमा अहिले काम गर्ने वातावरण सिर्जना नभएको उहाँले बताउनुभयो। सरकार र सबै राजनीतिक दलहरु राष्ट्रिय अर्थतन्त्रको विकासमा लागेर युवाहरुका लागि काम गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । युवाहरुलाई विश्वास बढाउन नेताहरुले समाजका हरेक क्षेत्रमा समर्पणका साथ काम गर्नुपर्ने अवस्था आएको उहाँले बताउनुभयो ।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य प्रल्हाद लामिछानेले मुलुकमा युवाहरुलाई आकर्षित गर्ने खालको नीति निर्माण गर्न आवश्यक रहेको बताउनुभयो। देशमा अहिले रहेको सम्पूर्ण समस्याहरुको जिम्मेवारी राजनीतिक दलहरुले लिनुपर्ने र यसको आत्मसमीक्षा गर्नुपर्ने बताउनुभयो । उहाँले युवाहरुलाई उत्पादनसँग जोडिने खालको नीति निर्माण गर्न आवश्यक रहेको बताउनुभयो ।

नेकपा एकीकृत समाजवादीकी केन्द्रीय सदस्य मुनु सिग्देलले अहिले जनतामा निराशा छाइरहेको बताउनुभएको छ । मुलुकको राजनीतिक अवस्थाका कारण जनतामा यस्तो भइरहेको उहाँले बताउनुभयो। मुलुकको समस्या समाधान गर्न राजनीतिक दलहरु जिम्मेवार बनेर देश बनाउनुपर्ने उहाँले बताउनुभयो ।

वीपी समाजका केन्द्रीय सदस्य लोकेश ढकालले भ्रष्ट नेतृत्वले देश आज भूमरीमा फसिरहेको बताउनुभयो। अहिले सबै दलहरु सत्तावादी भएका कारण मुलुकमा निराशामात्रै छाइरहेको उहाँले बताउनुभयो । अहिले युवाहरु रोजगारी र शिक्षाका लागि बाहिरिने क्रम बढिरहँदा यसप्रति दलहरुको ध्यान नपुगेको उहाँले बताउनुभयो। अहिले सत्ता पक्ष र प्रतिपक्षी दुबैले काम गर्न नसक्दा वर्तमान राजनीतिले युवामा निराशा बढाएको उहाँले बताउनुभयो।

वीपी समाज मकवानपुरका सभापति विनोदचन्द्र कोइरालाको सभाध्यक्षतामा भएको गोष्ठीमा पार्टी जिल्ला कमिटीका पदाधिकारीलगायतको आतिथ्य रहेको थियो।

## सांसद बर्तौलाद्वारा निर्माणाधीन मनहरी अस्पताल भवनको अनुगमन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा निर्माणाधीन अस्पतालको प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले अनुगमन गर्नुभएको छ। निर्माण थालनी गरेको तीन वर्ष हुँदा पनि अस्पताल अझै निर्माण सम्पन्न नभएको गुनासो आएपछि सांसद बर्तौलाले आइतबार अस्पतालको स्थलगत अनुगमन गर्नुभएको हो ।



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले घोषणा गरेको र स्वीकृत कार्यक्रमअन्तर्गत् मनहरीमा १५ शैयाको अस्पतालको निर्माण प्रक्रिया सुरु भएको थियो। सांसद बर्तौलाले जिम्मेवारी लिएको काम समयमै सम्पन्न नगर्ने र राजनीति गर्दै हिंड्ने गैरजिम्मेवार निर्माण व्यवसायीका कारण अस्पताल निर्माणको प्रक्रिया ढिलो भएको बताउनुभएको छ ।

आफूले अनुगमन गर्दा कमसल इट्टाहरुको प्रयोगबाट वाल निर्माण गरेको पाइएको उहाँले बताउनुभयो । निजी फाइदाका लागि अस्पतालजस्तो संवेदनशील संरचना निर्माणमा यस प्रकारको बेइमानी कारबाहीको विषय भएको उहाँले बताउनुभएको छ। सांसद बर्तौलाले उक्त कमसल इट्टा प्रयोग गरेर बनाइएको वाल तत्कालै भत्काएर गुणस्तरीय इट्टा प्रयोग गरी निर्माण प्रक्रिया अगाडि बढाउन पालिकाको प्राविधिकलाई निर्देशन दिनुभएको छ ।




## राष्ट्रिय महिला भलिबल: सशस्त्र प्रहरी र डायमण्ड फाइनलमा



*नेपाल आर्मी र नेपाल पुलिसबीचको खेल । फाइल तस्वीर ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी राष्ट्रिय महिला भलिबल प्रतियोगिताको फाइनलमा विभागीय टोली सशस्त्र प्रहरी बल र चन्द्राडिरी न्यू डायमण्ड क्लब पुगेको छ। समूह चरणको खेलमा अपराजित रहँदै सशस्त्र प्रहरीको एपीएफ ११ अंकसहित लिगको शीर्षस्थानमा रहँदै फाइनल प्रवेश गरेको हो भने न्यू डायमण्ड अन्तिम खेल खेल्नुअघि नै ७ अंकसहित तालिकाको दोस्रो स्थानमा रहँदै फाइनल प्रवेश गरेको हो ।

एपीएफले नेपाल आर्मीलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो भने न्यू डायमण्डलाई ३-२ को सेटमा पराजित गरेको थियो । घरेलु टोली छहारी युवा क्लबलाई ३-० को सोझो सेटले पराजित गरेको एपीएफले समूह चरणको अन्तिम खेलमा आइतबार दिउँसो नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा पराजित गरेको छ ।

यस्तै न्यू डायमण्डले नेपाल पुलिसलाई ३-१ को सेटमा पराजित गर्दा एपीएफसँग २-३ को सेटमा हार व्यहोर्नु परेको थियो। नेपाल आर्मीलाई ३-१ को सेटमा पराजित गरेको न्यू डायमण्डले सोमबार बिहान घरेलु टोली छहारी युवा क्लबसँग खेल्न बाँकी छ। सोमबार बिहान समूह चरणको अन्तिम खेलपछि न्यू डायमण्डले फाइनल खेल दिउँसो एपीएफसँग खेल्नेछ ।

तीन विभागीय टोली नेपाल प्रहरी, नेपाल आर्मी, एपीएफसँगै न्यू डायमण्ड र घरेलु टोली छहारी युवा क्लबसहित ५ टिमको सहभागिता रहेको प्रतियोगिताको उपाधि विजेताले नगद दुइ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले एक लाख रुपैयाँ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। मकवानपुर जिल्ला खेलकुद विकास समितिले आयोजना गरेको खेलकुद तथा व्यापार महोत्सवमा मकवानपुर जिल्ला भलिबल संघ र केशवलाल स्मृति केन्द्रीय प्रतिष्ठानको संयुक्त आयोजना तथा हेटौंडा उपमहानगर पालिकाको प्रयोजनमा राष्ट्रिय महिला भलिबल प्रतियोगिता भएको हो ।



समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# ह्याप्पी न्यू इयर

ग्रेगोरियन पात्रोअनुसार आज (सोमबार)देखि सन् २०२४ सुरुवात भएको छ । पुरानो वर्ष सन् २०२३ लाई विदाई गर्दै नयाँ वर्ष सन् २०२४ को स्वागतमा नेपालसहित विश्वभर विविध कार्यक्रम भइरहेका छन् । विश्वका धेरै देशमा ईस्वी सम्वत्को प्रचलन रहेको छ । नेपाललगायत कतिपय देशका आ-आफ्नै सम्वत् रहेको भए पनि ईस्वी सम्वत् (सन्) लाई पनि सँगसँगै प्रयोगमा ल्याउने गरिएको पाइन्छ । त्यसैले यसलाई अन्तर्राष्ट्रिय सम्वत् मानिन्छ । बोलीचालीको भाषामा ईस्वी सम्वत्लाई अंग्रेजी वर्ष भन्ने गरिएको छ । पर्यटन व्यवसायी, विदेशी नियोग र अन्तर्राष्ट्रिय संघसंस्थाले आफ्ना सबै गतिविधि यही सम्वत्अनुसार निर्धारण गरेका हुन्छन् । विदेशी पर्यटकको चहलपहल बढी हुने क्षेत्रमा सन् २०२४ को स्वागतमा विविध कार्यक्रम गरेर "न्यू इयर इभ" मनाउने गरिएको छ । अन्य क्षेत्रमा पनि अंग्रेजी नयाँ वर्षको सन्दर्भमा विविध कार्यक्रम गर्ने तथा नयाँ वर्षमा शुभकामना आदानप्रदान गरेर मनाउने गरिन्छ ।

नयाँ वर्षलाई एउटा विशेष उत्सव र पर्वको रुपमा विश्वभर मनाउने गरिनछ । ईस्वी सम्वत्को नयाँ वर्ष २०२४ विश्वभरका मानिसहरुले मनाइरहेका छन् । नेपालमा सरकारी सम्वत्को रुपमा बिक्रम सम्वत्को प्रचलन छ । हाम्रा चाडपर्व, राष्ट्रिय दिवस तथा सरकारी कामकाज बिक्रम सम्वत्को आधारमा सम्पन्न गरिन्छ । तर, नेपालमा पनि ईस्वी सम्वत्को प्रचलन उत्तिकै हुने गरेको पाइन्छ । यही भएर नागरिकस्तरबाट पनि अंग्रेजी नयाँ वर्षको सुरुवातको दिनमा विविध कार्यक्रम गर्ने र खुशीयाली मनाउने गरिन्छ । प्रचलनमा आएका जुनसुकै सम्वत् भए पनि त्यसको आफ्नै महत्व हुन्छ । नयाँ वर्ष सुरुवातसँगै हरेक मानिसको जीवनमा एउटा नयाँ अध्यायको सुरुवात हुने गर्दछ । ईस्वी सम्वत्को नयाँ वर्ष २०२४ को सुरुवातले पनि आम नागरिकका नयाँ योजना बन्ने गर्दछन् । बितेको वर्ष २०२३ को समीक्षा गर्दै त्यस वर्षका उपलब्धीको रक्षा गर्नुका साथै नयाँ वर्ष २०२४ को सुरुवातसँगै नयाँ अपेक्षा र योजना बनाउनु पर्दछ ।

कोभिड-१९ को महामारीपछि शिथिल र संकटग्रस्त बनेको मुलुकको अर्थतन्त्रमा पछिल्लो समय केही सुधार आइरहेको छ । देशमा रहेका उद्योगी, व्यवसायी आर्थिक मन्दीको मारमा परिरहेको अवस्था भए पनि सरकारले अर्थतन्त्रमा सुधार हुँदै गएको दावी गरिरहेको छ । सन् २०२३ मा धेरै नेपाली वैदेशिक रोजगारीका लागि विदेशिएका छन् । अध्ययनको नाममा विदेशिनेको संख्या पनि यो वर्ष उल्लेख्य रहेको छ । विदेशमा रहेका नेपालीले पठाएको रेमिट्यान्स बढेका कारण विदेशी मुद्राको सञ्चिति बढेका र भुक्तानी सन्तुलनमा टेवा पुगेका कारण सरकारले केही राहत महसुस गरेको छ । सन् २०२३ मा विदेशी पर्यटकको आगमन बढेकाले पर्यटन क्षेत्रमा सुधार देखिएको छ । तर, आम नेपालीलाई वर्ष २०२३ ले उल्लेख्य सन्तुष्टिको कुनै अनुभूति गराउन भने सकेन । संघ र प्रदेशमा नयाँ सरकार गठन भए पनि सरकारले प्रभावकारी काम गर्न नसक्दा आम नेपालीको मुहारमा खुशी देखिएको छैन ।

मानिसको जीवनमा हरेक दिन उत्तिकै महत्वपूर्ण हुन्छ । बिहानीको सूर्योदयसँगै हरेक दिन नयाँ बनेर आउँछन् र जान्छन् । हरेक दिनका क्रियाकलापलाई सूक्ष्मरुपमा समीक्षा गरेर महत्व पहिचान गर्न कठिनाई हुने भएकाले एक वर्षको अवधिको समीक्षा र मूल्यांकनबाट उपलब्धी मापन गर्ने गरिन्छ । आम नेपाली नागरिकका लागि बितेको वर्ष सन् २०२३ खासै उपलब्धीमूलक बन्न सकेन । सन् २०२३ मा नेपालको राजनीतिक, सामाजिक, आर्थिक क्षेत्रमा सम्झनालायक कुनै घटना वा उपलब्धी हासिल भएका छैनन् । यसले बितेको वर्ष सामान्य औपचारिकतामा नै बितेको मान्नुपर्ने हुन्छ । आजबाट सुरु भएको सन् २०२४ भने आम नेपालीको जीवनमा सकारात्मक परिवर्तन ल्याउने एउटा महत्वपूर्ण वर्ष बन्न सकोस् । सन् २०२४ नेपालीहरुका लागि पनि उल्लेख्य बनोस् । यस वर्ष सबै नेपालीहरुको मुहारमा खुशी छाओस् । नयाँ वर्ष २०२४ को सबैमा हार्दिक मंगलमय शुभकामना । ह्याप्पी न्यू इयर ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |



## तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आकस्मिक रुपमा धन प्राप्ति हुने समय योग छ ।
**वृष** : हाँके/ ताकेका कामहरु पूर्ण हुने समय योग छ ।
**मिथुन** : व्यक्तिगत सुखसुविधामा खर्च बढ्ने योग छ ।
**कर्कट** : यात्रा योग र भेटघाटमा समय व्यतित ।
**सिंह** : आम्दानी खासै बढ्ने समय योग छैन ।
**कन्या** : शरीरमा स्वस्थता र मनमा उत्साह बढ्ला ।
**तुला** : काममा द्विविधा आइपर्न सक्ने योग छ ।
**वृश्चिक** : नसोचेको स्थानबाट आर्थिक लाभ होला ।
**धनु** : शरीरमा थकान र उत्साहमा कमी आउला ।
**मकर** : आत्मीय मित्रसँग एकान्तमा बसेर रमाइएला ।
**कुम्भ** : पुरुषार्थी कामले समाजमा स्थापित भइने छ ।
**मीन** : आकर्षक बनिने समय योग रहेको छ ।

# जन्मस्थानमै लोककविको शालिक राख्न सकिएन

*अझै केहि व्यक्तिहरुको अवरोधका कारण मूर्ति पुनः स्थापित हुन सकेको छैन । बिडम्बना र दुखको कुरा लोककविले आफू जन्मेकै ठाउँमा प्रतिमासम्म राख्ने ठाउँ पाएन ।*



**देवप्रसाद श्रेष्ठ**



मकवानपुर जिल्लाको पुरानो सदरमुकाम भिमफेदीको बेग्लै ऐतिहासिक महत्व छ । २०११ सालको ठूलो बाढी-पहिरोले भीमफेदी लगायत यस वरपरका गाउँबस्तिहरुमा ठुलो क्षति पुऱ्याएपछि र २०१३ सालमा त्रिभुवन राजपथको निर्माण भएपछि यसको महत्व घट्दै गएको हो । यसभन्दा अगाडि यो ऐतिहासिक बजार देशभित्र र बाहिर छिर्ने प्रमुख नाका थियो । त्रिभुवन विमानस्थल बनेको थिएन । बेलायत लगायत पश्चिमा देश र भारतबाट समेत रक्सौलदेखि अमलेखगञ्जसम्म रेलमा, अमलेखगञ्जदेखि भीमफेदीसम्म ट्रक बसमा चढेर यस स्थानमा बास बसेपछि पैदलै हिँडेर चिसापानीको उकालो, कुलेखानी, चन्द्रागिरी चढेपछि मात्र काठमाडौं उपत्यका पुगिन्थ्यो ।

चिसापानी गढीमा जिल्लाका वडा हाकिम बस्दथे । देसबाट बाहिरिने र भित्रिनेहरुको गढी मै राहदानी जाँच हुन्थ्यो । भीमफेदी बजारदेखि एक कोस पर धोर्सिङ बजारमा रोपवेबाट तराई, भित्री मधेस र भारतबाट समेत आयात गरिएका खाद्यान्न, दैनिक उपभोगका सामानहरु, लत्ताकपडा, मट्टीतेल उपत्यका भित्र ढुवानी हुन्थ्यो । भीमफेदीबाट थानकोटसम्म डोको र तामदानमा हिँड्न् नसक्ने यात्रुहरू बोकाएर यात्रा गर्दथे । भरियालाई बोकाएर पनि सामान ढुवानी हुन्थ्यो । काठमाण्डुमा राजा, राणा र ठुला भारदार चढ्ने उसबेलाका कार, जीपहरु सयौं भरियाहरुलाई बोकाएर यहींबाट उपत्यका पुऱ्याइन्थ्यो ।

देशभित्र बाहिरी संसारका मानिस हिमालय र पहाडै पहाडको देश नेपालको राजधानी आउने जाने वास बस्ने एउटै मात्र नाकाको बजार भएकोले यस स्थानको चहलपहल निकै महत्वपूर्ण थियो । चारैतिर सुन्दर र विशाल पहाडले घेरिएको उत्तर र पूर्वबाट बग्ने नदि र खोलाले घेरिएको मिठो पानी र स्वच्छ हावाले भीमफेदीको विशेषतालाई थपिदिएको थियो । उहिले शिरानको बजारमा एउटा सानो बजार थियो । यहिँबाट ठाडो उकालो चढेर चिसापानीको उकालो उक्किनु पर्दथ्यो । उकालोको फेदमा भीमसेनको मूर्ति र मन्दिर थियो । बजारको उत्तर-पूर्वको कुनोमा सैनिकहरु बस्ने ठुल्ठुला ब्यारेकहरु थिए । बीच बजारमा टेलिफोन, बिजुली, हुलाक, श्री चन्द्र अस्पताल पाठशाला, अनिकालमा अन्न भण्डारण गर्ने धान गोदाम, यात्रुहरू विश्राम गर्ने ठुल्ठुला धर्मशालाहरु थिए । तल्लो धर्मशालामा सिलाइ-कटाई तानमा लुगा बुन्ने कृषि र बागवानीसम्मको पढाई हुने आठ कक्षासम्मको भीम आधार हाइ स्कुल थियो । २०१८ सालमा यो महेन्द्र हाइ स्कुलमा रुपान्तरण भयो ।

बजारको पुछारमा तत्कालिक समयका श्री ३ र श्री ५ बस्ने ठुला दरबारहरु, मोटर राख्ने ग्यारेज, घोडा बाँध्ने तबेलाका साथै बिच बजारको शिरानमा जंगल सफारी र शिकार खेल्न र हात्ती चढ्न आवश्यक बन्दोबस्तीका सामान राख्ने भण्डार हात्तीसार बनेको थियो । बजारदेखि एक कोस पश्चिम धोर्सिङमा काठमाडौंको मातातीर्थसम्म बिजुलीबाट चल्ने रोपलाइन थियो । धोर्सिङ बजारमा काठमाडौं रोपबाट ढुवानी गर्ने भारत र तराईबाट ल्याएका दैनिक उपभोगका सामान लत्ताकपडा, नुन, मट्टीतेल आदि भण्डार गर्ने गोदामहरु थिए ।

तत्कालिन समयको भीमफेदी बजार आर्थिक, सामाजिक, धार्मिक र साँस्कृतिक रुपले निकै सम्पन्न थियो । व्यापारिक दृष्टिकोणले विदेश, तराई-मधेस र वरपरका गाउँ बस्तीहरुबाट दैनिक उपभोगका सामान, कृषिजन्य बस्तु, तेल, मट्टितेल, मेसनरी पार्ट-पुर्जाहरु देशी-विदेशी उद्योगी, व्यवसायी र व्यापारीहरु यहि बजार भएर नेपाल आउने-जाने भएकोले र यात्रुहरू यहींका धर्मशाला होटेलमा बास बसेर जाने भएकोले बजारको आर्थिक अवस्था निकै राम्रो थियो ।

राणा शासनको अन्तिम र प्रजातन्त्र आउने ताका यो बजार राजनीतिक रुपले गतिशील थियो । जहानीया र निरंकुश राणा शासनको प्रस्थान बिन्दुको बजार भएकोले पनि युवाहरू सचेत थिए । परिवर्तनका संवाहक नेताहरू बिपि कोइराला, गणेशमान सिंह, टंकप्रसाद आचार्य, पुष्पलाल श्रेष्ठ, डा. केआई सिंह लगायत सहिद परिवारको पनि आवत-जावत भैरहन्थ्यो। २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा आन्दोलनकारीहरुले यसै स्थानबाट छद्म रूपमा पर्चाहरु उपत्यकामा पुऱ्याएका थिए । प्रजातन्त्र स्थापना पश्चात छिमेकी देश भारतले हाम्रो देशको उत्तरी सिमाना कालापानी र देशको १२ ठाउँमा भारतीय सैनिक मिसन राखेको थियो । भीमफेदीको सुपिङ ब्यारेकमा पनि त्रिभुवन राजपथ निर्माणमा उत्तरतिरको सुरक्षा चुनौती बहाना देखाएर सैनिक बटालियन तैनाथ गरेको थियो । भारतीय सैनिक मिसनको बिरोधमा भीमफेदी लगायत देशभर व्यापक प्रदर्शन भएपछि २०१३ सालमा कालापानी बाहेक अन्य ११ स्थानको भारतीय मिसन फिर्ता भएको हो । तर लिम्पियाधुरा कालापानीको सैनिक क्याम्प भारतले अझै हटाइएको छैन ।

त्यसबेलाको धार्मिक तथा साँस्कृतिक अवस्था राम्रो थियो । महाभारतको कथामा पाँच पाण्डवहरु स्वर्ग जाने क्रममा भीमफेदीमा बास बसेको स्थानमा भोलिपल्ट भीमसेनको एउटा पिडौला शिलाको रूपमा देखिएकोले त्यसै स्थानमा भीमसेनको मन्दिर निर्माण भएको थियो । भिमसेनले बास बसेकैले यस स्थानको नाम भीमफेदी रहन गएको किम्वदन्ती पनि छ । यहाँ बर्षैभरी हरेक चाडपर्व र उत्सवमा उपत्यकामा हुने साँस्कृतिक जात्राहरु, गाईजात्रा, माघ महिनामा हुने जात्राहरु लाखे नाच आदि हुने गर्दथ्यो । भिमसेन जात्रा यहाँको प्रसिद्ध जात्रा हो । यो जात्रा मनाउन गीत, भजन गाउन र दोहोरी, भ्याउरे गाउन र आआफ्नो कला, संस्कृति देखाउन चारैतिरबाट मानिसहरू ओइरिन्थे । यहाँको विद्यालय र साँस्कृतिक कलाकर्मीहरुको संयुक्त आयोजनामा बेला-बेलामा नाटक झाँकी हास्यव्यंग्यका कार्यक्रमहरु हुने गर्दथ्यो । विश्व प्रशिद्ध लेखक म्या. गोर्कीको आमा, बालकृष्ण सम, भिमनिधि तिवारी, विजय बहादुर मल्ल, हृदयचन्द्र सिंह जस्ता ख्यातिप्राप्त लेखकहरुको नाटक मञ्चन हुने गर्दथ्यो । ख्यातिप्राप्त लेखकहरुको कृतिमा आजभन्दा ६० बर्ष अगाडि नै अभिनय गर्ने र सक्रिय हुने कलाकारहरुमा लोककवि गणेशलाल श्रेष्ठ, आनन्दलाल श्रेष्ठ, संघ रत्न तुलाधर, परशुराम दास श्रेष्ठ, गोबिन्द बहादुर ज्यामी, धनलाल श्रेष्ठ, केशवदास श्रेष्ठ, सुन्दर राज ठिके लगायतका युवाहरूको सक्रियता थियो । साँस्कृतिक तथा धार्मिक झाँकी जात्रा तथा ऱ्यालीहरुमा पुष्प नारायण मुल्मी, गणेशलाल श्रेष्ठ, डम्मरध्वज राना, केदार श्रेष्ठ, सिताराम प्रधान, महावीर श्रेष्ठ, हर्षरत्न बज्राचार्य लगायतका व्यक्तिहरु सक्रिय थिए ।

बीच बाटोको बजार भएकोले राष्ट्रियस्तरका कलाकार र देशी-विदेशी कलाकारहरुले पनि बेलबेलामा कला प्रदर्शन गर्दथ्यो । भारततिरबाट आउने कलाकारहरुले हप्तौंसम्म राम लिला र धार्मिक कलाकृतीहरु प्रस्तुत गर्ने गर्दथ्यो । यी बिबिध धार्मिक, साँस्कृतिक, सामाजिक, आर्थिक र राजनैतिक क्रियाकलाप भएको भीमफेदी २०११ सालको बाढी र पहिरोले क्षत-विक्षत बनायो । भैंसेदेखि काठमाडौंसम्म मोटर चल्न थालेपछि यहाँको चहलपहल बिस्तारै घट्दै गयो । भीमफेदी वरपरका गाउँ-बस्तिका बासिन्दाहरु, बजारका व्यापारीहरु जिबिकोपार्जनका लागि हेटौंडातिर कामको खोजीमा र त्यस वरपरका जंगल फँडानी गर्दै बसाई सर्न थाले । जिल्लास्तरका कार्यालयहरु र सदरमुकाम हेटौंडा सरेपछि भने यो बजार निकै सुनसान भयो ।

यस्तो ऐतिहासिक स्थानमा जन्मनु भएका मकवानपुरका पहिलो श्रष्टा लोककवि गणेशलाल श्रेष्ठले यहि माटोमा आफ्नो कला, साहित्यको श्रृजना गरेँ । हास्य-व्यंग्यको प्रदर्शन गर्दै सेवा गरे लोक साहित्य परिषदबाट लोक कविको मान्यता प्राप्त गरी यस स्थानको गरिमा बढाए ।

१० बर्ष अगाडि लोककविको शत् वार्षिक समारोहमा नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानमा शताब्दी पुरुष सत्यमोहन जोशीको नेतृत्वमा साहित्यिक गोष्ठी भएको थियो । सत वार्षिकी समारोहकै क्रममा नेपाल कला तथा साँस्कृतिक संस्थानका कुलपति अम्बर गुरुङ परराष्ट्रबिद हिरण्यलाल श्रेष्ठ गीत तथा संगीतकार भृगुराम श्रेष्ठ साहित्यकार तुल्सी थापा लगायत थुप्रै साहित्यकारहरु र कलाकर्मीहरु लोक कविको जन्मस्थल भीमफेदी पुगी दीप प्रज्वलन गरी श्रद्धाञ्जली सभा गरेको थियो ।

यस्तो गरिमामय इतिहास भएका मकवानपुरका पहिला साहित्य, संगीत र हास्य व्यंग्यका त्रिवेणी लोक कविको आफू जन्मेकै स्थानमा प्रतिमा स्थापना गर्नु उपयुक्त सम्झेर दुई बर्ष अगाडि मकवानपुर सरोकार समितिले फोहरा बंगला अगाडी आकासे धारा पार्कमा भीमफेदी गाउँपालिकाका अध्यक्ष लगायतको सहमति र संरक्षणमा प्रतिमा प्रतिस्थापन गर्ने निर्णय गरी अनावरणको सम्पूर्ण तयारी भयो । तर अनावरण हुने दिनको रातमा केहि अबान्छित व्यक्तिहरुले मूर्ति चोरी गरी चिसापानी पुलमुनी फ्याँके । प्रहरीको सक्रियताले मूर्ति भेट्टायो पनि । अपराधी भेट्टाउन सकेन । हाल लोक कविको प्रतिमा भीमफेदी प्रहरी चौकीमा छ ।

अझै केहि व्यक्तिहरुको अवरोधका कारण मूर्ति पुनः स्थापित हुन सकेको छैन । बिडम्बना र दुखको कुरा लोककविले आफू जन्मेकै ठाउँमा प्रतिमासम्म राख्ने ठाउँ पाएन । यतिबेला मकवानपुर जिल्ला साहित्यिक गतिविधिमा निकै चलायमान छ । युवा तथा नवोदित कवि साहित्यकारहरु सक्रिय छन् । साहित्य संगम, भीम बिराग संगीत, साहित्य कला प्रतिष्ठान, सिस्नुपानी नेपाल,झरना साहित्य परिषद्, मातृभूमि साहित्य समाज, गजल मञ्च, आँचल साहित्य परिषद्, प्रगतिशील लेखक संघ लगायत दर्जनौं संस्थाहरू सक्रिय रहेको बेलामा अग्रज लेखक तथा कलाकार लोक कवि गणेश लाल श्रेष्ठको भीमफेदी थानाको एउटा अँध्यारो कोठामा धुलोले छोपिएको प्रतिमातिर पनि ध्यान जान्छ कि ?

# एकै दिन ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका विभिन्न जिल्लामा एकै दिन ५ जनाको मृत्यु भएको छ । शनिबार बागमती प्रदेशको धादिङ, दोलखा, सिन्धुली र चितवनमा विभिन्न घटनामा परी ५ जना मानिसको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

धादिङको सिद्धलेख गाउँपालिका-२ बस्ने ७५ वर्षीया देउकी लम्साल पण्डित मृत फेला परेकी छिन् । घरबाट हराएकी पण्डित सिद्धलेख-४, धारापानीस्थित खोल्सीमा मृत फेला परेको प्रहरीले जनाएको छ ।

दोलखाको बिगु गाउँपालिका-४, बिगु स्वास्थ्य चौकी सिंगटीमा एक वृद्धाको मृत्यु भएको छ । गौरीशंकर गाउँपालिका-४, गोरपाङ बस्ने ७० वर्षीया करलमु शेर्पा बिरामी भई बिगु सिंगटीमा उपचार भइरहेकोमा आइतबार ११:३० बजे स्वास्थ्य चौकी कम्पाउण्डमा लड्दा गम्भीर घाइते भएकी थिइन् । उनलाई उपचारका लागि धुलिखेल शाखा अस्पताल दोलखा लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

सिन्धुलीको कमलामाई नगरपालिका-५, मधुटारमा ट्याक्टरको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ । भित्री सडकखण्डमा सिलामेबाट सिन्धुली आउँदै गरेको ना ५ त ९५१० नम्बरको ट्याक्टरले सोही स्थान बस्ने बलकुमार श्रेष्ठको छोरी ५ वर्षीया निर्जला श्रेष्ठलाई ठक्कर दिँदा निर्जला गम्भीर घाइते भएकी थिइन् । श्रेष्ठलाई उपचारका लागि जिल्ला अस्पताल पठाएकोमा उपचारको क्रममा मृत्यु भएको हो ।

चितवनको भरतपुर महानगर पालिका-११, नवजीवन टोलमा ट्याक्टरले किचेर चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा कालिका नगरपालिका-५ बस्ने २८ वर्षीय सुदिप महतो रहेको प्रहरीले जनाएको छ । भित्री सडकखण्डमा पदमपुरबाट भरतपुर आउँदै गरेको ना ४ त ६२१५ नम्बरको अगाडिको इन्जिनमात्र रहेको ट्याक्टरको टायर पञ्चट भई अनियन्त्रित हुँदा दुर्घटना भएको थियो । महतोलाई सोही ट्याक्टरको पछाडिको टायरले किच्दा घाइते भई उपचारका लागि जिल्ला अस्पताल लागिएकोमा उपचारको क्रममा मृत्यु भएको हो ।

यस्तै, भरतपुर महानगरपालिका-१७, गांजीपुरमा एक जनाको शव फेला परेको छ । स्याङ्जा अर्जुन चौपारी गाउँपालिका-९, बस्ने गुरुप्रसाद अर्यालको नारायणी नदीको किनारमा शव फेला परेको हो । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

# विज्ञान हाजिरीजवाफमा जनप्रिय मावि प्रथम

समाज संवाददाता

हेटौँडाः विज्ञान शिक्षक समाज मकवानपुरले आयोजना गरेको विज्ञानसम्बन्धी हाजिरीजवाफ प्रतियोगितामा हेटौँडा-१६, हटियास्थित जनप्रिय मावि प्रथम भएको छ । हेटौँडा-१८, खड्कुलेस्थित मकवानपुर बाल विद्या सदनसँगको सहकार्यमा आयोजित जिल्लास्तरीय विज्ञान हाजिरीजवाफ प्रतियोगितामा हेटौँडा-१० स्थित तुलसीमेहर मावि द्वितीय, हेटौँडा-४ स्थित नवोदय शिशु सदन तृतीय भएको छ । प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई क्रमशः पाँच हजार, चार हजार, तीन हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्रदान वितरण गरिएको छ ।

मकवानपुर बाल विद्या सदन परिसरमा भएको कार्यक्रममा जिल्लाका १८ वटा विद्यालयको सहभागिता रहेको थियो । राष्ट्रिय परीक्षा बोर्ड मकवानपुरका प्रमुख कृष्णप्रसाद घिमिरेको प्रमुख आतिथ्य तथा विज्ञान शिक्षक समाज मकवानपुरका अध्यक्ष खेमराज लामिछानेको सभाध्यक्षतामा भएको कार्यक्रममा बाल विद्या सदनका निर्देशक सुदीप राज गिरीको विशिष्ट आतिथ्य रहेको थियो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि घिमिरेले विज्ञान र प्रविधिको विकास हुन सके मात्र देशको विकास हुने र यस्ता कार्यक्रमहरुले विद्यार्थीहरुमा विज्ञानप्रतिको सकारात्मक धारणा अभिवृद्धि हुन सहयोग पुग्ने बताउनु भयो । कार्यक्रममा मकवानपुर बालविद्या सदनका निर्देशक सुदीप राज गिरीले नवप्रवर्तनात्मक क्षेत्रमा काम गर्नेहरुसँग आफू सहकार्य गर्न सधैँ तयार रहेको बताउनु भयो । माध्यमिक तह विज्ञान विषयका ८० प्रतिशत र सामान्यज्ञानका २० प्रतिशत प्रश्नहरु समावेश गरी हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरिएको विज्ञान शिक्षक समाज मकवानपुरका सचिव सुवास खनालले बताउनु भयो ।

कार्यक्रममा विज्ञान शिक्षक समाज बागमती प्रदेश समितिका सदस्य मनिल कर्ण, अग्रज विज्ञान शिक्षक राधेलाल मण्डल, जिल्ला सहकोषाध्यक्ष सुनमाया पाखिन, मकवानपुरगढी गाउँपालिका अध्यक्ष दीपेन्द्र यादव, मनहरी गाउँपालिका अध्यक्ष ओम प्रकाश सापकोटा, हेटौँडा उपमहानगर सचिव सुदर्शन पौडेल, नगर सदस्य ईश्वर रिजाल, शिक्षकहरू अर्चना दहाल, रविन श्रेष्ठ लगायतको आतिथ्य रहेको थियो ।

# आजबाट सन् २०२४ सुरु

समाज संवाददाता

हेटौंडाः आज सोमबारबाट नयाँ वर्ष सन् २०२४ सुरु भएको छ । अंग्रेजी वर्षसमेत भनिने ईस्वी सम्वत् (सन्) २०२४ को आज पहिलो दिनलाई विश्वभर नयाँ वर्षको रुपमा मनाउने गरिन्छ ।

ग्रेगोरियन पात्रोअनुसार आजदेखि सन् २०२३ लाई विदाई गर्दै नयाँ वर्ष २०२४ को सुरुवात भएको छ । नयाँ वर्षको स्वागतमा विश्वभर विभिन्न कार्यक्रहरुको आयोजना गरी खुशीयाली मनाईदैछ ।

जिसस क्राइस्टलाई फाँसी दिएपछि ईस्वी सम्वत् (सन्) को सुरुवात भएको भनाइ छ । नयाँ वर्षमा इसाई धर्मावलम्बीहरुले यशुको सम्झना गर्दै अंगुरको रस र रोटी खाने प्रचलन छ । पर्यटकको भीडभाड हुने नेपालको राजधानी काठमाडौंको ठमेल, बौद्ध, पोखरालगायत स्थानमा ‘न्यू इयर इभ’ नाम दिएर विविध कार्यक्रम हुने गरेको छ । हेटौंडामा पनि नयाँ वर्षको अवसरमा सडक खाना महोत्सव आयोजना गरिएको थियो । यो अन्तर्राष्ट्रिय सम्वत् भएकाले विदेशमा बसोबास गर्ने र अन्तर्राष्ट्रिय संघसंस्थामा काम गर्नेले यो पर्व विश्वभर मनाउने गर्छन् । नयाँ वर्ष २०२४ को अवसरमा नेपालसहित विश्वभरका मानिसले एकआपसमा शुभकामना आदानप्रदान गरिरहेका छन् ।

# मकवानपुरका गोकुल र कृष्ण केन्द्रीय समितिमा

समाज संवाददाता

हेटौँडाः नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघको केन्द्रीय समितिमा मकवानपुरका व्यवसायी गोकुल श्रेष्ठ र कृष्ण न्यौपाने निर्वाचित हुनुभएको छ । शनिबार सम्पन्न महासंघको नवौं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनबाट मकवानपुरका श्रेष्ठ प्रथम उपाध्यक्षमा र न्यौपाने केन्द्रीय समिति सदस्य निर्वाचित हुनुभएको हो ।

अधिवेशनबाट कास्कीका युवराज पौडेलको अध्यक्षतामा सर्वसम्मत नयाँ समिति चयन गरेको हो । यसअघि मकवानपुरका श्रेष्ठ तृतीय उपाध्यक्ष हुनुहुन्थ्यो भने न्यौपाने केन्द्रीय सदस्य मनोनित हुनुभएको थियो । नवनिर्वाचित समितिको कार्यकाल २ वर्षको हुनेछ । फर्निचर तथा फर्निसिङ व्यवसायीको संस्था मकवानपुरसहित २६ जिल्लामा बिस्तार भएको छ ।

# डुम्रेकुनामा स्वास्थ्य शिविर

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाँउपालिका-६, डुम्रेकुनास्थित जालपादेवी माविमा बागमती प्रदेश प्रहरी अस्पतालको आयोजनामा एक दिने स्वास्थ्य शिविर सम्पन्न भएको छ । शनिबार भएको शिविरमा बागमती प्रदेश अस्पतालका डा. भवानी गुरुङ, डा. प्रकाश घिमिरे, डा.अस्मिता ओलीसँगै वडा स्वास्थ्य इकाई प्रमुख रसिला रानाले स्वास्थ्य परीक्षण गर्नुभएको थियो ।

शिविरमा दुइ सय ५० भन्दा बढीले स्वास्थ्य परीक्षण गराएका थिए । शिविरमा वडा अध्यक्ष कृष्णप्रसाद बजगाई, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरबहादुर स्याङ्तानको पनि उपस्थिति रहेको थियो । स्वास्थ्य परीक्षणसँगै निशूल्क औषधि पनि वितरण गरिएको थियो ।

# कवि शिरोमणि लेखनाथको जन्मजयन्ती मनाइयो

समाज संवाददाता

हेटौँडाः रामेछाप-काभ्रे मैत्री समाजको आयोजनामा आइतबार हेटौँडामा कवि शिरोमणि लेखनाथ पौडेलको १३९ औं जन्मजयन्ती मनाइएको छ । रामेछाप-काभ्रे मैत्री समाजका अध्यक्ष मानबहादुर लामाको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा साहित्य संगम मकवानपुर का अध्यक्ष डीबी बर्तौला, सचिव मनोज पोखरेलको पनि आतिथ्य रहेको थियो ।

कार्यक्रममा कवि शिरोमणि लेखनाथ पौडेलको जीवनको गतिविधि र योगदानबारे साहित्य संगम मकवानपुरका सचिव मनोज पोखरेलले चर्चा गर्नु भएको थियो । संगमका अध्यक्ष डीबी बर्तौलाले लेखनाथजस्ता साहित्यका विशिष्ट व्यक्तित्वलाई संस्थाले सम्झेकोमा धन्यवादसहित आगामी दिनमा सहकार्यमा कार्यक्रम गर्न सकिने बताउनु भयो ।

साहित्यमार्फत देशलाई उल्लेखनीय योगदान पुऱ्याउनुभएका साहित्यकार लेखनाथ पौडेल, भानुभक्त आचार्य, मोतिराम भट्ट लगायतका व्यक्तित्वको जन्मजयन्ती मनाउने उद्देश्यले कवि शिरोमणि लेखनाथ पौडेलको जन्मजयन्ती मनाइएको रामेछाप-काभ्रे मैत्री समाजका अध्यक्ष मानबहादुर लामाले बताउनुभएको छ ।

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## मैले घुमेको ठाउँ नारायणगढ



आयुश्री दाहाल

मानिसहरुलाई फरक-फरक ठाउँहरु मन पर्छ । जस्तैः पोखरा, हेटौँडा, स्मारक आदि । मैले धेरै घुमेको ठाउँ भनेको नारायणगढ हो । मलाई धेरैजस्तो नारायणगढ जान मन पर्छ । त्यहाँको हावापानी स्वच्छ छ ।

त्यहाँको बाटो सम्म र सफा छ । त्यहाँ धेरै रुखहरु छन् । त्यहाँको मानिसहरु इमान्दार र राम्रो गरी बोलनु हुन्छ । चितवनको सौराहा प्रसिद्ध छ । सौराहाको जङ्गल सफारी त मलाई धेरै मनपर्छ । मैले त्यहाँ गैंडा पनि देखें । त्यहाँको दृश्य धेरै सुन्दर छ । त्यहाँ धेरै पर्यटक हुनुहुँदो रहेछ । चितवनमा धेरै मानिसहरुको भिड हुन्छ । चितवन सुन्दर छ । त्यहाँ मेरो ममीको मामाघर पनि छ । मेरो हजुर आमाले मिठो र हलुका खाना पकाउनुहुन्छ । त्यहाँ सुन्दर नदिनाला छन् । त्यहाँ मठ्मन्दिरहरु धेरै सुन्दर छन् । मेरो आमालाई पनि चितवन मनपर्छ । मेरो मामाले मलाई धेरै माया गर्नुहुन्छ । मलाई मेरो मामासँग समय बिताउन धेरै मनपर्छ । मेरो मामा दश बर्षको हुनुहुन्छ । मेरो मामाले मलाई धेरै माया गर्नुहुन्छ र मैले पनि उहाँलाई धेरै माया गर्छु ।

जस्ले जे भने पनि म चितवनलाई त्यति माया गर्छु जति मेरी ममीलाई गर्छु । म चितवनमा नबसे पनि मलाई चितवन सारै मनपर्छ । त्यहाँ भएको वनपाखाबाट ताजा हावाले मेरो मन प्रसन्न बनाएको छ ।

*कक्षा-५*

## मेरो साथी



हितेच्छु ढकाल

मेरो एउटा साथी छ
सबै भन्दा जाति छ ।
गुरुलाई मान्ने छ
पढाइमा जान्ने छ ।

उठ साथी उठ
काम गर्न जुट ।
धेरै पढ्नु पर्छ
देश हाँक्नु पर्छ ।

अल्छी तिमी नगर
राम्रोसँग पढ ।
राम्रोसँग पढेर
ठूलो मान्छे बन ।

*कक्षा-५*

## धन



उर्मिला जिम्बा

कविता लेख्छु म सफा मनले
जीवन चल्दैन रहेछ राम्रो तनले
चाहिँदो रहेछ धन सम्पत्ति
सम्पत्ति बिना चल्दैन रहेछ दम्पती

चिन्दैन रहेछ आफन्त धनले गर्दा
अन्तिम घडी देखेसी आउँछन् मलामी पर्दा
बाचुन्जेल गर्छ त-त र म-म
संसार छोडे पछि बन्छन् ओम नमः

बाचुन्जेल गर्छ धनको शान
जिन्दगी बितेको थाहा छैन नगर्नु परेसान
पैसा बिना शिक्षा हासिल गाह्रो हुँदो रहेछ
त्यसैले मेरो बुबा श्रम बेच्न विदेश जाँदो रहेछ

छोरा छोरीको भविष्य हेर्दा हेर्दा
बाबा तिम्रो जीवन गयो देश फेर्दा फेर्दा
यो देश सामु कहिले म झुक्दैन
यो कालो धन भन्नेले कहिले पनि पुग्दैन

*कक्षा-४*

## चित्रकला



पुनम राई, कक्षा-५



निमिषा जोशी, कक्षा-५

# राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता सम्पन्न भएको छ। शुक्रबारदेखि सुरु भएको प्रतियोगिता आइतबार सम्पन्न भएको हो।

प्रतियोगितामा हेटौंडा-१६, हटियास्थित जनप्रिय मावि प्रथम भएको छ। ९ स्वर्ण, ६ रजत र ६ कास्य पदकसहित जनप्रिय मावि प्रथम हुन सफल भएको हो। प्रतियोगितामा हेटौंडा-९ स्थित प्रगति मावि द्वितीय भएको छ। प्रगति माविले ९ स्वर्ण, २ रजत र २ कास्य पदक जितेको छ। समान ४ स्वर्ण, २ रजत र २ कास्यसहित हेटौंडा-१८ स्थित ज्योति मावि र हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय मावि तेस्रो स्थानमा रहेको छ।

हेटौंडा उपमहानगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा आधुनिक राष्ट्रिय मावि आयोजक विद्यालयको रुपमा रहेको थियो। प्रतियोगितामा उपमहानगरपालिकाको १९ वटा वडाका ३७ वटा विद्यालयबाट करिब ६ सय जना विद्यार्थीको सहभागिता रहेको थियो।

कराँतेमा पुरुषतर्फ ४२ केजी समूहबाट भूटनदेवी माविका कपिला डिम्डुङ प्रथम, बाल उज्ज्वल माविका शिखर रुम्बा द्वितीय, बंशगोपाल माविका धनराज भोम्जन र त्रिभुवन माविका आयुष प्रजा तृतीय भएका छन्। ४७ केजी समूहबाट बाल उज्ज्वलका साजन थिङ प्रथम, प्रशान्त बानियाँ द्वितीय, सिद्धार्थ माविका दिनेश महतो र बाल उज्ज्वलकै विराज तितुङ तृतीय भएका छन्। ५२ केजी समूहबाट महेन्द्र माविका रोहित रुम्बा प्रथम, आधुनिक राष्ट्रिय माविका विकास राई द्वितीय, जेम्स बोर्डिङका सदरक तामाङ र त्रिभुवन माविका सञ्जीव लोप्चन तृतीय भएका छन्। ६२ केजी समूहबाट यश नेपाल प्रथम र समिर मगर द्वितीय भएका छन्। कातातर्फ वंशगोपालका दिप्सन लामा र धनराज भोम्जन द्वितीय भएका छन्।

महिलातर्फको ४० केजी समूहबाट बंशगोपालका प्रेरुमा राई प्रथम, नवोदयका समिना राई द्वितीय र आयुषा भोलन तृतीय भएका छन्। ४५ केजी समूहबाट सुरक्षा मैनाली प्रथम, बाल उज्ज्वलका शर्मिला रुम्बा द्वितीय, तुलसीमेहरका रेश्मा कार्की र त्रिभुवन माविका स्वाइस्का प्रधान तृतीय भएका छन्। ५० केजी समूहमा बाल उज्ज्वलका पाल्साङ भोम्जन प्रथम, जनप्रियका मञ्जु नेगी द्वितीय, वंशगोपालका रेनुका रावल र अंकिता श्रेष्ठ तृतीय भएका छन्। ६० केजी समूहमा बंशगोपालका सुशीला श्रेष्ठ प्रथम, बाल उज्वलका लक्ष्मी पाख्रिन द्वितीय भएका छन्। कातातर्फ चुरियामाइ माविकी रोशनी प्रथम, रेनुका रावल द्वितीय र सुशीला श्रेष्ठ तृतीय भएका छन्। नेपाल सितोरियो कराँते संघ मकवानपुरका अध्यक्ष दीपकबहादुर तामाङले कराँते खेलमा प्रथम, द्वितीय, तृतीय हुने खेलाडीहरुलाई मेडल तथा प्रमाणपत्र वितरण गनुभएको थियो।

प्रतियोगिताअन्तर्गत् उसुमा नाङछ्वाङ खानछ्वाङ तानछ्वाङ विधाको महिलातर्फ जेनिसा मोक्तान र पुरुषतर्फ अनन्त थिङ प्रथम भएका छन्। यस्तै, छ्वाङ विधातर्फ आमसाईका छात्र सरोज वसन्ते र प्रगति माविका शासन थिङ प्रथम भएका छन्। ताइची छ्वाइ विधाबाट नवोदय बोर्डिङकी छात्रा अविस्मा पाठक र प्रगति माविका शीतल थिङ प्रथम भएका छन्। यस्तै, ४२ केजीमा अमर माविका अनिल केसी र आधुनिक माविका रितिका शर्मा प्रथम भएका छन्। ४५ केजी समूहबाट आधुनिकका दीपेश र मनिसा बिक प्रथम भएका छन्। ४८ केजी समूहबाट प्रगति माविका सुनिता भोम्जन र विशेष थापा प्रथम भएका छन्।

तेक्वान्दो प्रतियोगितामा जनज्योति तेक्वान्दो डोजाङ ४ स्वर्णसहित प्रथम, आधुनिक २ स्वर्णसहित द्वितीय र जनप्रिय १ स्वर्ण तथा ३ रजत पदक प्राप्त गर्दै तेस्रो भएको तेक्वान्दो प्रशिक्षक दीलिप राजथलाले जानकारी दिनुभएको छ। प्रतियोगितामा प्रथम हुने खेलाडीहरुले जिल्ला हुँदै प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुन पाउनेछन्।

आधुनिक राष्ट्रिय माविका व्यवस्थापन समिति अध्यक्ष समिम खानको प्रमुख आतिथ्य तथा प्रधानाध्यापक रामसागर गुरागाईंको सभाध्यक्षतामा पुरस्कार वितरण भएको थियो। कार्यक्रममा नेपाल सितोरियो कराँते संघ मकवानपुरका अध्यक्ष दीपकबहादुर तामाङ, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला, कराँते प्रशिक्षक विष्णुभक्त लामा, नरेन्द्र श्रेष्ठ, उसु प्रशिक्षक विमल थापा मगरलगायत विभिन्न खेलकुदका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

# गाँजासहित एक जना पक्राउ

समाज संवाददाता

हेटौंडा: मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बाराको जितपुर सिमरा उपमहानगरपालिका-२३ का ३० वर्षीय रियाज देवान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

शनिबार राति ९ बजेर ४५ मिनेटको समयमा हेटौंडा-१५, रातोमाटेस्थित पूर्व-पश्चिम सडकखण्डमा खटिएको प्रहरी चेकिङ टोलीले पथलैयातर्फ जाँदै गरेको बीआर १ पीबी ३३१४ नम्बरको भारतीय सुमोलाई शंका लागि सुरक्षाजाँच गर्ने क्रममा लागूऔषध फेला पारेको थियो। सुमोमा लुकाईछिपाई राखेको अवस्थामा १५ केजी लागूऔषध गाँजा फेला पारी सुमो चालक देवानलाई प्रहरीले नियन्त्रणमा लिएको हो। चालक देवानलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

# यु–१९ मा मकवानपुरका २ जना महिला छनोट

समाज संवाददाता

हेटौंडा: दक्षिण एसियाली फुटबल महासंघले आयोजना गर्न लागेको साफ च्याम्पियनसिप यु-१९ महिला फुटबल प्रतियोगितामा सहभागिताका लागि दोस्रो चरणबाट मकवानपुरका २ जना महिला छनोट भएका छन्। बागमती प्रदेश फुटबल संघले प्रकाशन गरेको सूचनाअनुसार छनोट भएका २५ जनामध्ये २ जना मकवानपुरका रहेका छन्।

छनोट हुनेमा हेटौंडा फुटबल एकेडेमीकी सीमा थिङ र सजिता स्याङ्तान रहेको एकेडेमीका संस्थापक तथा कोच भीम लामाले बताउनुभयो। हेटौंडा-१३, पदमपोखरीकी सजिता स्याङ्तान र हेटौंडा-१५, चिसापानीकी सीमा थिङ पहिलेदेखि प्रदेशस्तरीय खेललगायतका खेलमा आवद्ध छन्।

मकवानपुरसहित बागमती प्रदेशका १३ वटा जिल्लाबाट २५ जना महिला दक्षिण एसियाली फुटबलमा छनोट भएका छन्। केन्द्रअन्तर्गत् तेस्रो चरणको खेल यहि महिना काठमाडौंमा हुने बताइएको छ। माघमा हुने अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा नेपालका ७ वटा प्रदेशबाट छानिएका २३ जनाले अन्य देशसँग खेल्नेछन्।

लामाका अनुसार मकवानपुरले स्याङ्तान र थिङलाई राम्रो खेलाडीको आधारमा छनोट गरेको थियो। महिलाहरुको खेलमा नाजुक स्थिति रहेको उहाँ बताउनुहुन्छ। फुटबलमा महिलाहरुलाई हैसला दिने कोहि नभएको तथा खेल्न इच्छुक भएका खेलाडीलाई घरबाट नपठाउने स्थिति रहेको लामाले बताउनुभयो।


LAUNCHING SOON




हार्दिक बधाई



जेसीआई हेटौंडा वर्ष २०२४ का लागि अध्यक्ष पदमा निर्वाचित प्रिय मित्र विकेशलाल श्रेष्ठलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

कुमार पोखरेल
हेटौंडा-१२, रमनटार

हार्दिक बधाई





विकेशलाल श्रेष्ठ | शुरेस श्रेष्ठ

जेसीआई हेटौंडा वर्ष २०२४ का लागि अध्यक्ष पदमा निर्वाचित विकेशलाल श्रेष्ठ र श्रमिक पूर्वविद्यार्थी समाजको संयोजक चयन हुनुभएका सुरेश श्रेष्ठलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

उज्ज्वलराज शाक्य, प्रोप्राइटर
एवम् न्यू लु: निभा ज्वेलर्स परिवार
हेटौँडा-१०, बासुदेवमार्ग

हार्दिक बधाई





विकेशलाल श्रेष्ठ | शुरेस श्रेष्ठ

जेसीआई हेटौँडा वर्ष २०२४ का लागि अध्यक्ष पदमा निर्वाचित विकेशलाल श्रेष्ठ र श्रमिक पूर्वविद्यार्थी समाजको संयोजक चयन हुनुभएका सुरेश श्रेष्ठलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

राजकुमार रसाइली, प्रोप्राइटर
एवम् नवबुद्ध सुनचाँदी पसल परिवार
हेटौँडा-१०, बासुदेवमार्ग

जनहीतमा जारी सन्देश
घटना दर्ता गरौं

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, बिवाह, बसाईसर ई, सम्बन्धविच्छेद, मृत्यु लगायतका घटनाहरु समयमै वडा कार्यालयमा उपस्थित भई घटना दर्ता गराउनु हुन अनुरोध गरिन्छ।

जुना दाहाल
वडा अध्यक्ष तथा
११ नम्बर वडा कार्यालय परिवार

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नवीन सिग्देल
वडा अध्यक्ष तथा
४ नम्बर वडा कार्यालय परिवार


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ